# सुख्खा एवम् खडेरीबाट पूर्वि तथा मध्य तराईका जिल्लाहरूमा तत्काल राहतको लागि साना सिंचाई (स्यालो ट्युववेल)

## व्यवस्थापन कार्यक्रम कार्यान्वयन निर्देशिका (२०७४)

नेपाल सरकार (सचिव स्तर)को मिति २०७४/०४/२३ को निर्णयानुसार ।

## १ पृष्ठभुमीः

विगत ९/१० वर्ष यता कृषि विकास योजना जनकपुरबाट स्यालो ट्युववेल सिंचाई कार्यक्रम संचालन भएकोमा हाल सुख्खा एवम् खडेरीबाट पूर्वि तथा मध्य तराईका जिल्लाहरू (सिरहा, सप्तरी, महोत्तरी, धनुषा, सर्लाही, बारा, पर्सा र रौतहट) मा तत्काल राहतको लागि साना कृषकहरूमा सिचाईको सुबिधा पुर्याउने उदेश्यले यो निर्देशिका तयार पारिएको छ ।

साधारणतया स्थानीय प्रविधिद्वारा Soft Zone मा स्यालो ट्युववेल (Shallow Tube Well) जडान गरिने र (Semi to Hard Zone) भएको क्षेत्रहरूमा दक्ष प्राविधिक र उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा समेत यस निर्देशिका कार्यान्वयनका लागि आधारको रूपमा प्रयोग गरिएको छ ।विद्यमान साना सिचाई विशेष कार्यक्रम निर्देशिका २०६१/०६२ मा यस प्रकारको कार्यक्रम संचालन गर्ने प्रावधान नभएको साथै कृषि विकास योजनामा उपलब्ध दक्ष जनशक्ति तथा उपकरणको अधिकतम उपयोगका लागि स्यलो ट्युववेल विशेष सिंचाई कार्यक्रम संचालन गर्ने हुँदा यो निर्देशिका आवश्यक पर्न गएको छ।

यो कार्यक्रम कार्यान्वयन निर्देशिका (२०७४) सुख्खा, खडेरी, बाढी, एवम् अन्य दैवी प्रकोप प्रभावित तराईका जिल्लाहरूको लागि मात्र कार्यान्वयन हुनेछ ।

साना तथा सिमान्त कृषकहरूको जीवनस्तर उकास्ने लक्ष्य भएको हुँदा यस स्यालो ट्युववेल निर्माण कार्य जनसहभागितालाई मध्य नजर गरी संचालन गरिने छ ।उक्त कार्यमा लाग्ने कूल रकमको कम्तिमा १५% उपभोक्ता समितिले व्यहार्नु पर्नेछ ।

## २ परिभाषाः

२.१ यस निर्देशिकाको हकमा स्यालो ट्युववेल भन्नाले तराईको सम्पूर्ण जिल्ला Unconfined Aquifer ६० मीटर सम्म जमीन मुनिको गहीराईबाट अधिकतम १० से.मी. व्यासको पाईपको माध्यमबाट Centrifugal Pump द्वारा पानी तानिनेलाई स्यालो ट्युववेल भनिन्छ । सो बाट बढीमा १५ लि. प्रति सेकेण्ड Discharge हुनेछ र सिंचित क्षेत्रफल ३ देखि ५ हेक्टर हुनेछ ।

२.२ उपभोक्ता कृषक समूह भन्नाले सुख्खा एवम् खडेरीबाट प्रभावित पूर्वि तथा मध्य तराईका आठ जिल्लाका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाबाट सुख्खा खडेरीबाट प्रभावित कम्तिमा एकै ठाउँ (क्लष्टर)मा १.५ हे. (२.२५ विघा)सम्म जग्गा भएका

कृषि विकास योजना जनकपुर नक्टाझिज धनुषा

नि.प्र.कृ.प्र.अ.

सचिव

कृषक वा कृषकहरूको समूह/संस्थाले क्षेत्रफल उल्लेख सहितको सिफारिश गराई नेपाली नागरीकताको प्रतिलिपी राखी निवेदन दर्ता गरेका तथा मान्यता प्राप्त हुने गरी स्थापित कृषि सहकारी संस्था, जिल्ला कृषि विकास कार्यालय, अथवा सिचाई कार्यालय अन्तर्गत वा अन्य निकायबाट कृषि विकासको लागि स्थापित भई यस कार्यक्रममा सहभागी हुने कृषक समूह, कृषि सहकारी संस्था, कृषिमा आधारित निजी फर्म/उद्यमी समेतलाई जनाउँछ ।

## ३ निर्देशिका कार्यान्वयनः

यो निर्देशिका हाललाई प्रारम्भिक रूपमा स्वीकृत भएको मिति देखि लागू हुनेछ । कार्यक्रम कार्यानवयनमा देखा पर्ने अनुभव, समस्या एवं चुनौतिलाई मध्य नजर राखी आवश्यक देखिएमा यो निर्देशिका पुनः मूल्याङ्कन गरी परिमार्जन गरिनेछ ।

## ४ आयोजना छनौटका आधारहरूः

स्यालो ट्युववेल छनौट गर्नु अगाडि देहायका आधारलाई ध्यान दिनु पर्नेछ ।

४.१ साधारणतया स्थानीय प्रविधिद्वारा Soft Zone मा गर्न सकिने स्थानहरूका साथै दक्ष जनशक्ति तथा उपकरणद्वारा Semi to Hard Zones भएका क्षेत्रहरूका लागि यस निर्देशिका अनुरूप कार्यक्रम संचालन गर्नु पर्ने छ ।

४.२ जनसहभागितालाई मूख्य आधार मानी कार्यक्रम संचालन गर्नु पर्नेछ । कार्यक्रम संचालनका लागि उपभोक्ता कृषक समूहले कूल लागतको न्यूनतम १५ प्रतिशत रकम नगद वा जिन्सी वा श्रमदानको रूपमा व्यहोर्नु पर्नेछ ।

४.३ कृषि विकास योजना जनकपुरले ट्युववेल जडान गरे पछि उपभोक्ता कृषक/समूहले सिंचाईका लागि अन्य आवश्यक साधनहरूको व्यवस्था गरी सिंचाई संचालन गरी आधुनिक कृषि कार्य गर्नु पर्नेछ ।

४.४ साधारणतया खाद्यान्न, फलफुल, तरकारी, नगदे बाली, मत्स्यपालन आदि कार्यक्रमलाई लक्षित गरी क्षेत्र छनौट गरी आयमूलक, कृषि व्यावसायीकरण तर्फ उन्मूख गराउन मद्दत पुर्याउने दृष्टिकोणले कार्यक्रम संचालन गर्नु पर्नेछ ।

४.५ दलित, मुक्त कमैया, महिला, सिमान्त कृषक, सामाजिकरूपमा पछाडि पारिएका तथा अन्य बिपन्न वर्गका समूहको हितलाई विशेष ग्राह्यता दिई कार्यक्रम संचालन गर्नु पर्नेछ ।

४.६ यथासम्भव निर्धारित पकेटहरूको उत्पादन कार्यक्रममा टेवा पुर्याउने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

४.७ सुख्खा खडेरी, बाढी तथा अन्य दैवी प्रकोप आदिले क्षति पुर्याएको ठाउँलाई यस सिंचाई कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

नेपाल सरकार कृषि विकास मन्त्रालय कृषि विभाग कृषि विकास योजना जनकपुर नक्टाझिज धनुषा

नि.प्र.कृ.प्र.अ.

सचिव

४.८ उपभोक्ता कृषक समूहबाट कार्यक्रमका लागि जायज माग आउनु पर्ने र कार्यक्रममा अनिवार्य सहभागिता हुनु पर्नेछ ।

४.९ प्रतिकूल वातावरणीय असरलाई न्यून गर्नु पर्ने दृष्टिकोण राख्नु पर्नेछ ।

४.१० सम्भव भएसम्म सिँचाई कार्यक्रम हेर्ने अन्य निकायसँग समन्वय राखी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

४.११ छनौट भएका स्यालो ट्युववेल सिँचाई सोही आर्थिक वर्षमा पूरा गर्नु पर्नेछ ।

## ५ कार्यक्रम संचालन प्रक्रियाः

५.१ स्यालो ट्युववेल कार्यक्रम कृषि विकास योजना जनकपुर नक्टाझिजबाट आवश्यकता अनुसार प्रत्यक्ष रूपमा आफैं वा बोलपत्रद्वारा वा Public Private Partnership प्रकृयाद्वारा संचालन गर्न सकिनेछ ।

## ६ सूचना प्रवाहः

६.२.१ कृषि विकास योजना जनकपुरले आम संचार माध्यम तथा जिल्ला कृषि विकास कार्यालय मार्फत कृषक स्तरमा सूचना प्रवाह गर्नेछ ।

६.२.२ उपर्युक्त कार्यक्रम अन्तर्गत संचालन हुने ट्युववेल सिँचाईको लागि कृषक, कृषक समूह/संस्थाबाट कृषि विकास योजना जनकपुरले निबेदन लिनेछ । सो निवेदनमा रू १००।-(एक सय) को दरले राजश्व दाखिला गर्नु पर्नेछ ।

६.२.३ उपभोक्ता कृषक समूहले स्यालो ट्युववेल जडान कार्यका लागि लाग्ने लागत अन्तर्गत आफुले व्यहोर्ने रकम नगद वा जिन्सी वा श्रमदान निवेदनमा प्रष्ट रूपले खुलाउनु पर्नेछ ।

## ७ छनौट प्रक्रियाः

७.१ स्यालो ट्युववेल सिँचाईको लागि माँग भई आएका निवेदनको प्रारम्भिक छनौट सम्बन्धित कृषि विकास कार्यालयका प्रमुखले सिफारिश सहित कृषि विकास योजना जनकपुरमा पठाउनु पर्नेछ ।कृषि विकास कार्यालयहरूबाट प्राप्त सिफारिशलाई कृषि विकास योजना जनकपुरका योजना प्रमुख वा निजले तोकेको संयोजकत्वमा गठीत टोलीद्वारा छनौट हुनेछ ।

७.२ स्यालो ट्यूववेल जडानको लागि कृषक वा कृषक समूह/संस्थाले सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको सिफारिश अनिवार्य पेश गर्नु पर्नेछ ।

नेपाल सरकार कृषि विकास मन्त्रालय कृषि विभाग कृषि विकास योजना जनकपुर नक्टाझिज धनुषा

नि.प्र.कृ.प्र.अ.

८ लागत इस्टिमेटः

८.१ स्यालो ट्युववेल सिँचाईको लागत कृषि विकास योजनाको सम्बन्धित प्राविधिकबाट गराई सो को स्वीकृति योजना प्रमुखबाट गरिनेछ ।

८.२ जनसहभागिताद्वारा व्यहोरिने नगद रकमको हकमा लागत इस्टिमेटको न्यूनतम १५ प्रतिशत कृषक समूहले सम्झौताको समयमा जम्मा गर्नु पर्नेछ ।

८.३ अनुदान रकम साना सिँचाई विशेष कार्यक्रमले निर्धारण गरेको रकम रू १,००,०००।- भन्दा बढि हुने छैन ।

८.४ स्यालो ट्युववेल जडानको सुपरीवेक्षण तथा अनुगमन कार्य कृषि विकास योजना जनकपुर र सम्बन्धित कृषि विकास कार्यालयको संयुक्त टोलीले गर्नेछ ।अनुगमन निरीक्षण तथा नापी जाँच पश्चात प्राप्त प्रतिवेदनको आधारमा अनुदान रकम भूक्तानी दिईनेछ ।

८.५ स्यालो ट्युववेल जडान कार्य सकिएपछि सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरिनेछ ।हस्तान्तरण पछिको सम्पूर्ण मर्मत सम्भार सम्बन्धित कार्यहरूको उत्तरदायी उपभोक्ता समूह हुनेछ ।

८.६ कार्यक्रमको दीगोपनको लागि स्यालो ट्युववेल जडान गरेका उपभोक्ता कृषक समूहलाई लक्षित गरी कृषि विकास योजना जनकपुरले ट्युववेल, पम्प संचालन तथा सामान्य मर्मत सम्भार सम्बन्धी तालिम कार्यक्रम र बजेट उपलब्धताको आधारमा संचालन गर्न सक्नेछ । साथै जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गरी उक्त समूहमा कृषि विकास कार्यक्रम संचालन गर्नु पर्नेछ ।

९ अनुगमनः

आयोजनाको अनुगमन कृषि विभाग तथा कृषि इन्जिनियरिङ्ग निर्देशनालय अथवा त्यहाँबाट तोकिएको निकायबाट हुनेछ ।

१० कार्य प्रगतिः

कार्य प्रगतिको मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| सूचना प्रकाशन, निवेदन संकलन, प्रारम्भिक सर्वेक्षण, प्राथमिकता निर्धारण | १० प्रतिशत |
| लागत इस्टिमेट तयारी, सम्झौता तथा कार्यादेश | २० प्रतिशत |
| कार्य सम्पन्न प्रतिवेदन | ७० प्रतिशत |

नेपाल सरकार कृषि विकास मन्त्रालय कृषि विभाग कृषि विकास योजना जनकपुर नक्टाझिज धनुषा

नि.प्र.कृ.प्र.अ.

सचिव